का.जि.प्र.का.द.नं. १००/०५९/६०
१ साउन २०८०,
सोमबार
17 July 2023,
Monday
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्नु


वर्ष २१, अंक १७२ । पृष्ठ १२ | Madhyanha National Daily | www.madhyanhadaily.com

# तमसुकको शासनमा रोक



तमसुकलाई कठोर सजाय हुने गरी कानून बनेको छ ।

**अजय चौरसिया**
**सांसद, नेपाली कांग्रेस**




**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ३१ असार ।

अनुचित लेनदेन (मिटरब्याज) सम्बन्धी विधेयक प्रतिनिधि सभाबाट सर्वसम्मत रुपमा पारित भएको छ । राष्ट्रिय सभाबाट पारित भएर आएको यो विधेयकले केही प्रक्रिया पूरा गरेपछि कानूनको रुप लिनेछ । विधेयक लागू भएसँगै नेपालमा सदिऔंदेखिको व्यक्ति व्यक्तिबीचको लेनदेन तमसुकको शासनमा रोक लाग्नेछ ।

नेपाली कांग्रेसका सांसद अजय चौरसिया तमसुकलाई कठोर सजाय हुने गरी कानून बनेको बताउँछन् । विगतमा तमसुकलाई उचित लेनदेनको रुपमा समाजले लिएको भएता पनि यसको दुरुपयोग भएको र यसैका माध्यमबाट गरिएका कतिपय गलत मनसायसहितका कारोबारका कारण तमसुकलाई गलत दृष्टिका साथ हेरिन पुगेको उनको भनाइ छ । उनी दोहोऱ्याउँछन्, 'तमसुकलाई कठोर सजाय हुने गरी कानून बनेको छ ।'

विगतमा तमसुकलाई उचित लेनदेनको रुपमा समाजले लिएको भएता पनि यसको दुरुपयोग भएको र यसैका माध्यमबाट गरिएका कतिपय गलत मनसायसहितका कारोबारका कारण तमसुकलाई गलत दृष्टिका साथ हेरिन पुगेको उनको भनाइ छ ।



कानून न्याय तथा संसदीय मामिला मन्त्री धनराज गुरुङका अनुसार व्यक्ति व्यक्तिका बीचमा लेनदेन हुँदा स्थानीय तहका जनप्रतिनिधि (वडाअध्यक्ष)को अनिवार्य उपस्थिति रहनुपर्नेछ । अन्यथा त्यस्तो कारोबारलाई लिएर कानूनी प्रश्न गर्न पाइने छैन ।

मिटरब्याज सम्बन्धी आयोग गठन गर्न सरकारले अध्यादेश मार्फत चैत्र २० गते कानून ल्याएको थियो । सो कानूनलाई प्रतिस्थापन गर्न सरकारले राष्ट्रिय सभामा विधेयक >>> पृष्ठ २ मा

# रक्षात्मक देउवा

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, ३१ असार ।

नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले सोमबार पदाधिकारी र पूर्वपदाधिकारीको बैठक बोलाएका छन् । आफ्नै निवास धुम्बाराहीमा दिउँसो ३ बजे बैठक बोलाइएको सहमहामन्त्री जीवन परियारले बताए । उनका अनुसार, यो बैठकले २ साउनमा बस्ने केन्द्रीय कार्य समितिको एजेण्डा तय गर्नेछ ।

कांग्रेसले २७ असारमै केन्द्रीय कार्य समिति बैठक बोलाएको थियो । तर त्यसको अघिल्लो दिन प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड पत्नी शोकमा परेपछि कांग्रेसले पूर्व निर्धारित बैठक स्थगित गरेको थियो । २६ असारमा पदाधिकारी र पूर्व पदाधिकारी बैठक बस्ने तयारी चल्दै गर्दा प्रधानमन्त्री पत्नी सीता दाहालको निधन भएको थियो ।

प्रधानमन्त्री पत्नी शोकमा परेपछि कांग्रेसले पाँच दिन केन्द्रीय समिति बैठक स्थगित गरेको थियो । त्यसदिन स्थगित भएको बैठक सोमबार बस्दैछ । यो पदाधिकारी तथा पूर्वपदाधिकारीको बैठकलाई लिएर यसपटक कांग्रेसभित्रै असन्तुष्टि देखिएको छ । पार्टी विधानले नचिन्ने यस्तो बैठक नेतृत्वले आफ्नो सहजताका लागि बोलाउने गरेको टिप्पणी सार्वजनिक रुपमै भएको छ ।

यसअघि पनि यस्तो बैठक बस्ने गरेको थियो । तर त्यतिबेला धेरै कुरा नउठेपनि यसपटक आलोचना हुनुले कांग्रेसको अवस्था समेतलाई बुझाउँछ । गएको वर्ष मंसिरमा दोस्रोपटक सभापति निर्वाचित देउवा रक्षात्मक अवस्थामा रहेकैले पदाधिकारी तथा पूर्वपदाधिकारी बैठकलाई समेत आशंकाले हेरिएको छ ।

जबकी केन्द्रीय पदाधिकारीदेखि केन्द्रीय सदस्य संख्यामा समेत सभापति देउवा पक्षधर ८० प्रतिशत बढी छन् । संसदीय दलमा पनि देउवा दुई तिहाइ बढी मतका साथ सहज अवस्थामा छन् । गएको ५ पुसमा संसदीय दलको चुनाव हुँदा देउवाले ६४ मत >>> पृष्ठ २ मा



नक्कली शरणार्थी प्रकरणमा थुनामा रहेका बालकृष्ण खाँणबारे पार्टी बैठकमा उठ्न सक्ने प्रश्न, विशेष महाधिवेशनको माग, संसदीय दलकै चुनावको मागलगायत एजेण्डामा नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा रक्षात्मक अवस्थामा छन् ।

## संसदमा रास्वपा

# अनुभवको अभाव

संसदीय अभ्यासलाई र संसदीय कानूनलाई गहिरोगरी ध्यान दिन नसक्दा रास्वपा आइतबार प्रतिनिधि सभामा वेल घेर्नसम्म पुगेर पनि स्वत: ब्याक हुनुपर्ने अवस्था व्यहोर्न बाध्य भयो ।

**असिमता बम/मध्यान्ह**
काठमाडौं, ३१ असार ।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले आइतबार प्रतिनिधि सभामा अवरोध गऱ्यो । तर संसदीय अभ्यास र संसदीय कानूनको गहिरोगरी ध्यान दिन नसक्दा प्रतिनिधिसभामा वेल घेर्नसम्म पुगेर पनि स्वत: ब्याक हुनुपर्ने अवस्था बेहोर्न बाध्य भयो । रास्वपाको अलमलमा र राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) पनि अलमलिन पुग्यो । स्वयम सभामुख पनि अलमलिन पुगे । अलमलकै बीचमा प्रतिनिधिसभाको बैठकमा अवरोध सिर्जना भयो र १५ मिनेटका लागि बैठक नै स्थगित हुन पुग्यो ।

रास्वपा र राप्रपाका सांसदहरूले सभामुखको वेल घेरे । तर बैठक रोकिएको बेला उनीहरूले संसदीय अभ्यास र व्यवस्था बुझेपछि बुझेपछि फेरी बैठक नियमित सुचारु भयो ।

नेपाली कांग्रेसका महामन्त्री समेत रहेका प्रतिनिधिसभा सदस्य गगन थापा रास्वपा चिप्लिएको टिप्पणी गर्छन । 'हामीहरु पनि चिप्लिन्छौं कहिलेकाहीँ । उहाँहरु (रास्वपाका सांसदहरु) आज चिप्लिनुभयो' थापाले पत्रकारहरुसित भनेका छन् ।

आइतबारको बैठकमा केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक पेश गर्ने कार्यसूची थियो । उक्त विधेयकमाथि राष्ट्रिय स्वतन्त्र पार्टीका सांसदहरु सोविता गौतम र सुमना श्रेष्ठ, राप्रपाका सांसद ज्ञानेन्द्र शाही र नेपाल मजदुर किसान पार्टीका सांसद प्रेम सुवालले >>> पृष्ठ २ मा

## वैदेशिक रोजगार विशेष

# अध्यागमन विभागले क्षेत्राधिकार नाघेको वैदेशिक रोजगार विभागको निष्कर्ष, व्यवसायीलाई निर्देशन अनुचित

**मध्यान्ह संवाददाता**
काठमाडौं, ३१ असार

वैदेशिक रोजगार विभागले वैदेशिक रोजगार ऐन र नियमावलीमा भएको व्यवस्थाअनुसार श्रम स्वीकृति प्रदान गर्ने गरिएको भन्दै अनुचित हस्तक्षेप नगर्न अध्यागमन विभागको ध्यानाकर्षण गराएको छ ।

अध्यागमन विभागले वैदेशिक रोजगारमा जाने प्रक्रियाका बारेमा छानबिन गर्ने बताएको बेला वैदेशिक रोजगार विभागले छानबिन गृह र श्रम, रोजगार तथा सामाजिक मन्त्रालयको सम्न्वयमा मात्रै हुनसक्ने भन्दै अध्यागमन विभागलाई आफ्नो क्षेत्राधिकारमा सीमित रहनसमेत आग्रह गरेको छ ।

विभागका निर्देशक गुरूदत्त सुवेदीले आइतबार साँझ जारी गरेको विज्ञप्तिमा विभागबाट श्रम स्वीकृति लिएका कामदार फर्काउने विषयमा विभागलाई जानकारी दिने वा समन्वयको काम नभएको भन्दै अध्यागमन विभागप्रति गम्भीर असन्तुष्टि जनाइएको छ ।

अध्यागमन विभागको कामदार रोक्ने प्रक्रियाप्रति ७ बुँदामा आफ्नो धारणा सार्वजनिक गरेको विभागले एकैलटमा श्रम स्वीकृति प्रदान गरिएकोमा कसैलाई जान दिएको र कसैलाई रोकेको विषयमा असन्तुष्टि जनाएको >>> पृष्ठ २ मा

### व्यवसायी सडकमा, अध्यागमन भने झन् कडाइतिर



**काठमाडौं/मस-** अध्यागमन विभाग वैदेशिक रोजगारीमा जाने प्रक्रियालाई थप झन्झटिलो र अस्तव्यस्त बनाउने योजनमा देखिएको छ । श्रम स्वीकृति लिएर जान लागेका कामदारहरूलाई पटक-पटक रोकेर अध्यागमन विभागले बदनियत राखी काम गरेको भन्दै वैदेशिक रोजगार व्यवसायी सडक आन्दोलनमा उत्रिएका बेला अध्यागमन विभाग प्रक्रियालाई सहजीकरण भन्दा अध्यागमन ऐन कानूनको पालनाका नाममा कामदार रोक्ने योजनामा देखिएको व्यवसायीले बताएका छन् । अध्यागमनले आइतबार विज्ञप्ति नै जारी >>> पृष्ठ २ मा

युएईमा रोजगारको अवसर

United International Group

कम्पनी: UIG
(UNITED INTERNATIONAL GROUP)

पूर्व स्वीकृत मिति: २०७८/०९/२०
चलानी नं.: ६०१७२०४६ LT. No.:255573 पुन: विज्ञापन शहर: UAE

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | स्काफोल्डर | 50 | 0 | सम्बन्धित कामम दक्ष | 1100 | ३९,२९२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | मेशन | 75 | 0 | | 1000 | ३५,७२० | | | | | | | |
| 3. | सटरीङ्ग कारपेन्टर | 50 | 0 | | 1000 | ३५,७२० | | | | | | | |
| 4. | स्टील फिक्चर | 50 | 0 | | 1000 | ३५,७२० | | | | | | | |
| 5. | लेबर/हेल्पर | 25 | 0 | | 800 | २८,५७६ | | | | | | | |

अन्तर्वार्ता मेनपावरको कार्यालय काठमाडौंमा २०८० असार १ (आज), ३ र ४ गते (17, 19 & 20 July 2023) मा हुनेछ ।

नोट:
- उल्लेखित पदमा ट्रेनिङ गरेको, नेपाल मै काम गरेको या गल्फ रिटर्न सबैले अन्तर्वार्ता दिन सकिने ।
- उमेर २० वर्ष देखि ४० वर्षसम्म ननाघेको हुनु पर्नेछ ।
- एप्रुभल रेडि भएकाले २ हप्ता भित्र उडिसक्नु पर्नेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदारले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदारले ब्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

अञ्जली ओभरसिज सर्भिस प्रा. लि.
सामाखुशी, काठमाडौं, (चोकबाट अल नेपाल हस्पिटलको बाटो हुँदै महादेवटार हाइट जाने बाटो)
Tel : 4987207 | 4982296 | E-mail : pro@anjalioverseas.com.np
Mobile No.: 9801012690 | 9801175502 | 9801175503 | 9801051244
Itahari- 025-587587 | 9801175497, Birtamod- 023-533076 | 9806095018
श्रम इजाजत नं. ६३९/०६३/०६४

विज्ञापन दर/रेट सम्बन्धी सूचना

मध्यान्ह राष्ट्रिय दैनिकमा आ.व. २०८०/०८१ मा प्रकाशन हुने विज्ञापनको दर/रेट २०८० साउन १ तदनुसार १७, जुलाई २०२३ देखि निम्नानुसार कायम गारिएको सम्पूर्ण विज्ञापनदाता/एजेन्सी एवम् सम्बन्धित सबैमा जानकारी गराइन्छ ।

विज्ञापन दर/रेट

| पृष्ठ | रंगिन प्रति सीसी | स्यामस्वेत प्रति सीसी |
|---|---|---|
| प्रथम पृष्ठ | रू. २२००/- | रू. २०००/- |
| भित्री पृष्ठ | रू. १७००/- | रू. १४००/- |
| अन्तिम पृष्ठ | रू. १८००/- | रू. १६००/- |

वर्गीकृत

| पृष्ठ | रंगिन प्रति सीसी | स्यामस्वेत प्रति सीसी |
|---|---|---|
| वर्गीकृत डिस्प्ले | रू. २०००/- | रू. १५००/- |
| वर्गीकृत डिस्प्ले (प्रति शब्द) | | रू. ३०/- |

ज्याकेट २ पेज रू. १०,००,०००/-

नोट: उल्लेखित दर/रेट मू.अ.कर बाहेक

मध्यान्ह
Madhyanha National Daily राष्ट्रिय दैनिक
कमलपोखरी, काठमाडौं । फोन नं.: ०१-५३२६३६६, ५३२८२९८
इमेल: madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com
वेबसाइट: www.madhyanhadaily.com

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com

१ साउन २०८०, सोमबार
17 July 2023, Monday

# अदालतबाट धरौटीमा छुटेका केशव तुलाधर पुनः पक्राउ

**काठमाडौं/मस–** नक्कली भूटानी शरणार्थी प्रकरणमा यही असार २८ गते पक्राउ परी आइतबार जिल्ला अदालत काठमाडौंको आदेशमा रिहा भएका काठमाडौं असनका केशव तुलाधर पुनः पक्राउ परेका छन् ।

ललिता निवासको सरकारी जग्गा हिनामिना प्रकरणमा तुलाधरको संलग्नता देखिएका कारण पक्राउ गरिएको जिल्ला प्रहरी परिसर काठमाडौंका प्रमुख तथा प्रहरी वरिष्ठ उपरीक्षक दानबहादुर कार्कीले बताए । उनले भने, 'भूटानी शरणार्थी



प्रकरणमा पक्राउ परेका तुलाधर १५ लाख रुपैयाँ धरौटीमा छुटेका थिए, ललिता निवासको सरकारी जग्गा हिनामिना प्रकरणमा उनको संलग्नता देखिएपछि हामीले पक्राउ गरेका छौं ।'

पक्राउ परेका तुलाधरलाई अहिले जिल्ला प्रहरी परिसर काठमाडौंमै राखिएको र सोमबार केन्द्रीय अनुसन्धान ब्यूरो (सिआइबी) लाई आवश्यक अनुसन्धानका लागि बुझाइने प्रमुख तथा प्रहरी वरिष्ठ उपरीक्षक कार्कीले बताए। नक्कली भूटानी शरणार्थी प्रकरणमा फरार रहेका भन्दै यही असार २८ गते निजलाई काठमाडौं उपत्यका अनुसन्धान कार्यालयको टोलीले राजधानीको सानो भर्याङबाट पक्राउ गरेको थियो ।

# प्राध्यापक र शिक्षकलाई सदस्यता नदिन आयोगको निर्देशन

**काठमाडौं/मस–** निर्वाचन आयोगले प्राध्यापक, शिक्षक र कर्मचारीलाई दलको सदस्यता नदिन नेपाली कांग्रेसलाई निर्देशन दिएको छ । सहप्राध्यापक जगत तिमिल्सिना, राजेन्द्र गौतम लगायतलाई पार्टीको सदस्यता प्रदान गरी १४औं महाधिवेशनमा महाधिवेशन प्रतिनिधि तथा महासमिति सदस्य बनाएको भन्दै आयोगमा उजुरी गरेको थियो ।

स्वशासित संस्थाको बहालवाला प्राध्यापक, शिक्षक र कर्मचारीलाई सदस्यता प्रदान गरी महाधिवेशनमा सहभागी गराउनु राजनीतिक दलम्बसन्धी ऐन र विधि शिक्षक कर्मचारी सेवासम्बन्धी ऐन विपरीत भएको भन्दै आयोगले उनीहरुको क्रियाशील सदस्यता बदर गर्न निर्देशन दिएको छ। साथै आगामी दिनमा कानून विपरीत हुने गरी सदस्यता नदिन र महाधिवेशनमा सहभागी नगराउनसमेत कांग्रेसलाई निर्देशन दिइएको आयोगले जनाएको छ ।

यसैबीच निर्वाचन आयोगले उमाशंकर प्रसादलाई केन्द्रीय समितिबाट तत्काल हटाउन जनता समाजवादी पार्टी (जसपा) लाई निर्देशन दिएको छ। त्रिभुवन विश्वविद्यालय अर्थशास्त्र केन्द्रीय विभागका प्राध्यापक रहेका उनी दलको सदस्य भएर राजनीतिक क्रियाकलापमा सहभागी भएको आयोगको निष्कर्ष छ ।

## तमसुकको...

पेस गरेको थियो। राष्ट्रिय सभाबाट पारित भई प्रतिनिधि सभामा आएको विधेयक सर्वसम्मतिबाट पारित भएको हो ।

प्रतिनिधि सभा बैठकमा कानुन मन्त्री धनराज गुरुङले मुलुकी संहिता सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक २०८० माथि विपक्षी सांसदले राखेका अधिकांश संशोधनमा सरकारको तर्फबाट स्वामित्व लिएका थिए । विपक्षी दलका सांसदले समेत समर्थन गरेपछि मिटरब्याज सम्बन्धी कानुन सर्वसम्मतिले पारित भएको हो ।

मिटरब्याज पीडितका समस्या समाधान गर्न गृहमन्त्री नारायणकाजी श्रेष्ठले आयोग गठन गरेका थिए । असार २० गते नै प्रतिष्थापन विधेयक पारित गर्ने तयारी रहेकोमा विपक्षी दलका सांसदको अवरोधले सो दिन पारित हुन नसकेको थिएन।

त्यसपछि मिटरब्याज पीडितहरूले पुनः सडक संघर्ष गरेका थिए। उनीहरूको मागप्रति ऐक्यबद्धता जनाउँदै गृहमन्त्री श्रेष्ठले सडकमै गएर पीडितलाई सम्बोधन गरेका थिए । प्रतिनिधि सभाबाट समेत कानुन पारित भएपछि आयोगले कानुनी मान्यता पाएको छ ।

गणतन्त्रमा पनि मासान्तवादको अवशेषको रूपमा रहेको मिटरब्याज सम्बन्धी समस्यालाई हरहालतमा सम्बोधन गर्ने प्रतिबद्धता मन्त्री श्रेष्ठले जनाउँदै आएका थिए। जनकपुरमा कार्यालय स्थापना गरेर आयोगले काम गरेको छ ।

अब राष्ट्रिय सभामा विधेयक प्रतिनिधिसभामाबाट पारित भएको सन्देश सुनाएपछि राष्ट्रिय सभाका अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाले प्रमाणित गरी प्रमाणीकरणका लागि राष्ट्रपतिकहाँ पठाउनेछन् । राष्ट्रपति रामचन्द्र पौडेलले विधेयक प्रमाणीकरण गरेपछि कार्यान्वयनमा आउनेछ ।

## रक्षात्मक...

ल्याएर दलको नेता जित्दा महामन्त्री गगन थापाले २५ मत मात्रै ल्याएका थिए ।

तर पनि सभापति देउवा रक्षात्मक बन्नुपर्ने परिस्थितिको कारण भने अनेक छन् । मुख्यगरी आफ्ना विश्वास पात्र रहेका बालकृष्ण खाँण शरणार्थी प्रकरणमा थुनामा हुनु हो । देउवालाई नजिकबाट सहयोग गरिरहेका खाँण थुनामा गएपछि निलम्बनको माग चर्कोगरी पार्टीभित्र उठेको छ ।

नेकपा एमालेले पार्टी सचिव टोपबहादुर रायमाझीलाई निलम्बन गरेकाले पनि कांग्रेसभित्र दबाव बढ्दो छ। एउटै प्रकरणमा थुनामा रहेका रायमाझी निलम्बनमा पर्नु, तर खाँणबारे पार्टीले केही पनि निर्णय नगरेको टिप्पणी भइरहेको छ । सभापति देउवा भने खाँणलाई केन्द्रीय समिति बैठकबाट समेत निलम्बन नगर्ने पक्षमा छन् ।

तर केन्द्रीय समितिमा यसबारे कुरा उठ्ने पक्का जस्तो छ । तसर्थ सभापति देउवा कम्तिमा पदाधिकारीलाई मनाउन एकदिन अगाडि छुट्टै बैठक राख्दैछन् । विशेषगरी महामन्त्रीहरु गगन थापा र विश्वप्रकाश शर्मालाई मनाउन सके, केन्द्रीय सदस्यहरुको प्रश्नलाई सहजै पञ्छाउन सकिने सभापति देउवाको बुझाइ हुन सक्छ ।

यसबाहेक महाधिवेशन सकिएको डेढ वर्षसम्म पनि केन्द्रीय समिति, पदाधिकारी, विभाग लगायत अपूर्ण रहेकोबारे पनि प्रश्न उठ्ने संभावना छ। सभापति देउवाले अहिलेसम्म कोषाध्यक्ष मनोनीत गरेका छैनन् । १६८ सदस्यीय केन्द्रीय समितिमा अझै ९ जना अपूर्ण छ भने कार्य सम्पादन समिति ४६ सदस्य हुनुपर्नेमा अहिले ३७ जना मात्रै छन् । ६ महिनाभित्र गठन गरिसक्नुपर्ने विभागहरु मध्ये प्रचार विभाग प्रमुखमा मीन विश्वकर्मा चयन हुनु बाहेक अरु निर्णय हुन सकेको छैन ।

अझ हरेक दुई महिनामा बस्नुपर्ने केन्द्रीय कार्य समिति बैठक एक वर्षपछि बल्ल बस्दैछ। यी समस्याहरुलाई देखाएर विशेष महाधिवेशनकै माग कांग्रेसभित्र चलिरहेको छ । अझ महामन्त्री थापा र शर्माले संसदीय दलकै नेता फेर्नुपर्ने तयारीमा नेताहरुलाई सहमत गराइरहेका छन्। त्यसबारे यो बैठकमा कुरा उठ्ने संभावना छ ।

## संसदमा...

विधेयक संसद बैठकमा पेश गर्नबाट रोक्न विरोधको सूचना दिएका थिए ।

सांसदहरुले आआफ्नो विरोधका सूचना राखेपछि कानुनमन्त्री गुरुङले जवाफ दिए । उनले विस्तृत शान्ति सम्झौतामार्फत मुलुकलाई शान्तिको बाटोमा ल्याएको उल्लेख गर्दै अशान्तिको पक्षमा कोही पनि नरहेको बताए ।

मन्त्रीले जवाफ दिएपछि सभामुख देवराज घिमिरेले चारवटै विरोधको सूचनालाई क्रमश निर्णयार्थ प्रस्तुत गरे। सत्तापक्षसँग बहुमत भएका कारण चारवटै विरोधका सूचना अस्वीकृत भए । यदि विरोधको सूचनाले बहुमत पाएर स्वीकृत भए विधेयक प्रतिनिधिसभा बैठकमा पेश हुन सक्दैन ।

विरोधको सूचना अस्वीकृत भएपछि सभामुख घिमिरेले विधेयक प्रतिनिधिसभा बैठकमा प्रस्तुत गर्न अनुमति प्राप्त भएको घोषणा गरे । त्यसपछि सभामुख घिमिरेले कानुनमन्त्री गुरुङलाई विधेयक पेश गर्न समय दिए, र गुरुङले विधेयक पनि पेश गरे ।

लगत्तै संसद अर्को कार्यसूचीमा प्रवेश गर्‍यो । सभामुख घिमिरेले शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री अशोक राईलाई नेपाल विश्वविद्यालय विधेयक २०८० माथि विचार गरियोस् भन्ने प्रस्ताव पेश गर्न समय दिए ।

शिक्षा मन्त्री राई रोष्टममा पुगेपछि भने रास्वपाका सांसदहरुले उठेर विरोध गरे । प्रमुख सचेतक सन्तोष परियारले केही नेपाल ऐन संशोधन गर्ने विधेयक प्रस्तुत गर्न अनुमति माग्ने प्रस्ताव निर्णयार्थ पेश नभएको भन्दै प्रश्न उठाए ।

खासमा रास्वपाले केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक बैठकमा पेश गर्ने अनुमति माग्ने प्रस्तावमा मत विभाजन माग गर्न खोजेको थियो। तर सभामुखले विरोधको सूचना अस्वीकृत हुनेवित्तिकै विधेयक प्रस्तुत गर्न स्वतः अनुमति पाएको घोषणा गरे ।

रास्वपा सांसदहरुले सभामुखले अनुमति पाएको घोषणा गर्नेवित्तिकै मत विभाजन माग्न सक्थ्यो। तर सभामुखले कानुनमन्त्रीलाई विधेयक पेश गर्ने अनुमति दिएर मन्त्रीले विधेयक पेश गरिसकेपछि मात्र आफ्नो कुरा राख्यो ।

रास्वपा संसदीय दलका प्रमुख सचेतक सन्तोष परियार आफूहरु लचक भएका कारण दोस्रो बैठक सहज ढंगले चल्न सकेको बताउँछन्। विरोध गरे मिटरब्याज सम्बन्धी विधेयक अगाडि नबढ्ने अवस्था बनेकाले आफूहरु लचक हुन पुगेको उनको जिकिर छ ।

# राष्ट्रपतिबाट बजेटसम्बन्धी तीन विधेयक प्रमाणीकरण

**काठमाडौं/मस–** राष्ट्रपति रामचन्द्र पौडेलले बजेटसम्बन्धी तीन विधेयक प्रमाणीकरण गरेका छन्। उनले आइतबार विनियोजन विधेयक, २०८०, आर्थिक विधेयक, २०८० र राष्ट्र ऋण उठाउने विधेयक, २०८० प्रमाणीकरण गरेका हुन्। राष्ट्रपति पौडेलले संघीय संसदबाट पारित भई नेपालको संविधानको धारा ११३ को उपधारा (१) बमोजिम प्रमाणीकरणका लागि पेस हुन आएका उक्त विधेयक प्रमाणीकरण गरेको राष्ट्रपति कार्यालयका प्रवक्ता शैलजा रेग्मी भट्टराईले जानकारी दिइन्।



## अध्यागमन...

छ । विभागले वैदेशिक रोजगार ऐनको दफा १६ देखि १९ सम्म श्रम स्वीकृति र दफा ४४ देखि ४७ सम्म गलत कागजात पेश गरेमा कारबाही हुने व्यवस्था रहेको स्मरण गराउँदै छानबिनको अधिकार अध्यागमनलाई नभएको उल्लेख गरेको छ ।

अध्यागमनले अंग्रेजीमा बाहेकको भाषामा रहेको भिसा नोटरी पब्लिकबाट ट्रान्सलेसन हुनुपर्ने निर्देशन दिएकोमा विभागले वैदेशिक रोजगार ऐनमा नै भाषा अनुवादको व्यवस्था भएकाले नोटरी पब्लिकको ट्रान्सलेसन आवश्यक नभएको स्पष्ट पारेको छ । त्यसैगरी वैदेशिक रोजगार ऐनले व्यवसायीलाई कामदारको सम्बन्धमा प्रतिबद्ध गराएकाले कुवेतका हकमा छुट्टै प्रतिबद्धता आवश्यक नरहेको विभागले बताएको छ ।

रोजगारदाताको नाम वा कम्पनी फरक परेको सम्बन्धमा २०७३ साल कात्तिक २५ गते नेपाल राजपत्रमा प्रकाशित सूचनाले निकास दिइसकेको भन्दै विभागले श्रम स्वीकृति र भिसामा देखिने सानातिना फरकका विषयमा दुई विभागका बीचमा २०७१ साल असार ३० गते नै संयुक्त निर्णयका आधारमा सहमति भएको स्मरण गराएको छ ।

विभागबाट श्रम स्वीकृति लिएका कामदारको अध्यागमन विभागले निरन्तर फर्काउँदा शनिबारसम्म श्रम मन्त्रालय र विभाग मौन देखिएको विषयले वैदेशिक रोजगार व्यवसायी अविभावकविहीन भएको र श्रम मन्त्रालय अन्य मन्त्रालयको अनुचित दबाबमा हेपिएको अवस्थामा काम गर्नुपरेकोबारे मध्यान्ह दैनिकले समाचार नै प्रकाशित गरेको थियो ।

## व्यवसायी...

गरी आगामी दिनमा वैदेशिक रोजगारीमा कुवेत जानेहरूसँग थप कागजात मागिने बताएको छ । अध्यागमन विभागले कुवेत जाने कामदारले अंग्रेजी भाषाबाहेक अन्य भाषामा भएका भिसा अनिवार्यरूपमा अंग्रेजी भाषामा अनुवाद गरी नोटरीबाट प्रमाणित गराउनुपर्ने, प्यारेन्ट वा होल्डिङ कम्पनी अन्तर्गतको कम्पनीसँग सम्झौता गरी श्रम स्वीकृति लिएको भए उक्त प्यारेन्ट वा होल्डिङ कम्पनी आफू मातहत रहेको कम्पनी हो भनी लेखिएको आधिकारिक पत्र पेश गर्नुपर्ने र कुवेत जाने कामदारको ई-भिसामा सम्बन्धित म्यानपावर कम्पनीले सम्पूर्ण जिम्मेवारी लिएको प्रतिबद्धतापत्र पेश गर्नुपर्ने बताएको छ ।

व्यवसायीलाई प्रतिबद्धता पेश गर्न लगाएर कामदारलाई वैदेशिक रोजगारमा पठाउने व्यवस्था अध्यागमन ऐन विपरीत रहेको व्यवसायीहरूको भनाइ छ । यसका अतिरिक्त अध्यागमन विभागले वैदेशिक रोजगारमा जाने नेपाली श्रमिकको भिसामा उल्लेख भएको रोजगारदाताको नाम र श्रम स्वीकृति/सम्झौतापत्रमा उल्लेख भएको रोजगारदाताको नाम र पेसा एउटै हुनुपर्ने सर्त पनि राखेको छ । अध्यागमनको उक्त सर्त रोजगारदाता कम्पनीको डिमाण्ड अनुसार गन्तव्य देशको भिसामा उल्लेखित पद दुरुस्त नमिल्ने भएपनि श्रम स्वीकृति दिने नेपाल सरकारको २०७० साल कात्तिक २५ गतेको निर्णय विपरीत रहेको देखिएको छ ।

२०७१ वैशाख ३० गते अध्यागमन विभागले पनि सोहीअनुसारको निर्णय गरेको थियो। अध्यागमन विभागले आफ्नै पूर्वनिर्णय विपरीत विज्ञप्ति जारी गरेको व्यवसायीहरूको भनाइ छ। एक व्यवसायीले भने, 'तत्कालीन सरकारले श्रम स्वीकृतिको प्रक्रियालाई सरलीकृत गर्न राजपत्रमै प्रकाशित गरेको थियो । तर वैदेशिक रोजगार प्रक्रिया र विदेशबाट जारी हुने भिसाको प्रकृति नबुझ्ने अध्यागमन अधिकारीले समस्या सिर्जना गर्ने र मुलुकको वैदेशिक रोजगारलाई समाप्तिको बाटोमा लैजाने षड्यन्त्र गरेका छन् ।'

व्यवसायीले अध्यागमन विभागको गलत कार्यविधि सच्याउन माग गर्दै आइतबार कालिकास्थानस्थित अध्यागमन विभागसमेत घेराउ गरेका थिए । उनीहरूले अध्यागमन विभागका महानिर्देशक झलकराम अधिकारीको राजीनामा माग गरेका छन् ।

नेपालबाट हुने वैदेशिक रोजगार प्रक्रिया झन्झटिलो रहेको भन्दै विदेशस्थित रोजगारदाताले असन्तुष्टि व्यक्त गरिरहेको बेला अध्यागमन विभाग सर्तमाथि सर्त राखेर वैदेशिक रोजगार क्षेत्रलाई तहशनहस पार्ने षड्यन्त्रमा लागेको वैदेशिक रोजगार व्यवसायी संघका अध्यक्ष राजेन्द्र भण्डारीले बताए ।

विभिन्न प्लेकार्डसहित विभाग घेराउमा पुगेका व्यवसायीले अध्यागमन महानिर्देशक 'डिजी होइन दलाल हो', 'वैदेशिक रोजगारीमा जाने श्रमिक र व्यवसायीलाई दुःख दिने काम बन्द गर', 'भिजिट भिसा बन्द गर'लगायतका आक्रोशपूर्ण नारा लगाएका थिए । विभागमा उपस्थित व्यवसायीलाई अध्यक्ष भण्डारी तथा महासचिव मेघनाथ भुर्तेलले सम्बोधन गरेका थिए ।

**Department of Roads**

**Road Division, Sanfebagar**

**Invitation for Bids (IFB) No.IFB-080/81-01**

**Date of publication: 2080-04-01 (17th July, 2023)**

1. Road Division, Sanfebagar ,Achham invites sealed bids (Single Stage single envelope,)or electronic bids from eligible bidders for the construction works enlisted below:

| S. N. | Contract No. | Name and Location of the Construction Work | Estimated Amount Excl. of VAT and Contingencies (NRs) | AACT of best 3 F/Ys within last 10 F/Ys (Millions, NRs) | Bidding Capacity (Millions, NRs) | Bid Securit Amount (NRs) | Validity of Bid/Bid Security (Days) | Non Refundable Bid Document Fee (NRs) |
|---|---|---|---|---|---|---|---|---|
| 1 | RDSNF/337310113 /080/81-01 | Reactive Maintenance Works Sanfe-Bayalpata and Sanfe-Rakse Road Section | 5,983,088.05 | - | - | 180,000.00 | 90/120 | 3,000.00 |
| 2 | RDSNF/337310113 /080/81-02 | Reactive Maintenance Works on Barjugaad-Martadi Road Section | 7,339,046.06 | - | - | 210,000.00 | 90/120 | 3,000.00 |
| 3 | RDSNF/337310113 /080/81-03 | Road Rehabilitation Works on Sanfe-Bayalpata Road Section | 3,781,139.31 | - | - | 110,000.00 | 90/120 | 3,000.00 |
| 4 | RDSNF/33701169 /080/81-04 | Roadway Excavation and Structural Works on Goylapani-Gayal-Lungra Road Section , Achham | 4,232,249.30 | - | - | 130,000.00 | 90/120 | 3,000.00 |
| 5 | RDSNF/33701169 /080/81-05 | Roadway Excavation and Structural Works on Sanfebagar-04 Himalayan Ma. Vi. To Bimkot Road Section | 8,546,801.05 | - | - | 250,000.00 | 90/120 | 3,000.00 |
| 6 | RDSNF/33701169 /080/81-06 | Roadway Cutting and Structural Works on Rithabazar-Birabagar-Thanti-Rishidah Achham to Bajura | 8,519,658.72 | - | - | 250,000.00 | 90/120 | 3,000.00 |
| 7 | RDSNF/337310113 /079/80-40(RE) | Periodic Maintenance Works on Sanfe-Mangalsen (CH:-05+500 to 07+000 and 16+000 to 39+000) Road Section | - | 73.00 | 39.00 | 1,400,000.00 | 90/120 | 5,000.00 |
| 8 | RDSNF/337310113 /079/80-41(RE) | Periodic Maintenance Works on Sanfe-Martadi (CH:-27+000 to 55+240) Road Section. | - | 78.00 | 42.00 | 1,510,000.00 | 90/120 | 5,000.00 |

2. Bidders shall have submitted their bids electronically only from PPMO's website: www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically should deposit the cost of Bidding documents/ Bid security as specified below.

| Last Date and Time for Bid Purchase | Last Date and Time for Bid Submission | Date and Time for Bid Opening |
|---|---|---|
| Date: B.S. 2080/04/31 (A.D.2022/08/16) Time: 12:00 hrs | Date: B.S 2080/04/31 (A.D.2022/08/16) Time: 12:00 hrs | Date: B.S. 2080/04/31 (A.D.2022/08/16) Time: 13:00 hrs |

| Cash Deposit for Purchase of Bid Document | | Cash Deposit for Bid Security(optional if bidder submits Bank Guarantee from A Class Bank) | |
|---|---|---|---|
| Bank: | Rastriya Banijya Bank, Mangalsen,Achham | Bank: | Rastriya Banijya Bank, Mangalsen,Achham |
| Account Name: | Road Division ,Sanfebagar | Account Name: | District Treasury Controller Office, Achham |
| Account Number: | 1000100200010000 | Account No. | 4260100102030000 |
| Office code: | 337017201 | Office Code | 337017201 |
| Revenue Head: | 14229 | | |

3.Pre-bid meeting shall be held at Road Division, Sanfebagar on 2023/08/06 (2080-04-21) at 12:00 hours.

4. Under the Single Stage, Two Envelope Procedure , Bidders are required to submit simultaneously two separate sealed envelopes, one containing (i) the Technical Bid and the other (ii) the Price Bid, both in turn enclosed in one sealed envelope as per the provision of ITB 21 of the Bidding Document.

5. Any amendment in the tender notice shall be posted in the notice board of the Roads Division , Sanfebagar and PPMO's website: www.bolpatra.gov.np/egp.. Eligible Bidders may refer Road Division ,Sanfebagar or PPMO's website: www.bolpatra.gov.np/egp for further information.

**Division Chief**

# पहुँचविहीन कर्मचारी विकट क्षेत्रमा मात्रै रहनुपर्ने बाध्यता अन्त्य गर्छौं: मन्त्री मोदी

काठमाडौं/मस-संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री अमन लाल मोदीले पहुँचविहीन कर्मचारीहरु विकट क्षेत्रमा मात्रै रहनुपर्ने बाध्यताको अन्त्य हुने बताएका छन्। आदिवासी जनजाति राष्ट्रिय उत्थान प्रतिष्ठान सञ्चालक समितिको २३ औं बैठकलाई सम्बोधन गर्ने क्रममा मन्त्री मोदीले राज्यले खटाएको ठाउँमा पुगेर सेवा प्रवाह गर्ने २० प्रतिशत कर्मचारी अन्यायमा रहेको बताएका हुन् । सोर्सफोर्स लगाउन नसक्ने पहुँच नभएका कर्मचारीको सधैँ विकट क्षेत्रमा सरुवा हुने र जागिर अवधिभर उनीहरु विकट क्षेत्रमै रहनुपर्ने अन्यायमा २० प्रतिशत कर्मचारी रहेको मन्त्री मोदीको भनाइ थियो । पहुँच नभएकै कारणले अन्यायमा रहेका ती कर्मचारीहरुलाई न्याय दिलाउने हिसाबले आफूले सरुवा प्रणालीको विकास गर्न खोजेको मन्त्री मोदीको भनाइ छ । 'राज्यले खटाएको ठाउँमा पुगेर सेवा प्रवाह गर्ने कर्मचारीहरुको बारेमा सरकारले विशेष ध्यान दिएर सरुवा प्रणाली व्यवस्थित बनाउनुपर्छ भन्ने हाम्रो सोच छ' मन्त्री मोदीले भने। कोही कर्मचारी सधैँ विकटको विकट र कोही सुगमको सुगममा अब रहन नसक्ने उनको भनाइ छ ।




विकट क्षेत्रमा रहेर सेवा प्रवाहमा खटिएकालाई सुगममा र सुगममा रहेकालाई विकट क्षेत्रमा खटाउनेगरी आफूले सरुवालाई व्यवस्थित बनाउन खोजेको मन्त्री मोदीको भनाइ छ । त्यस्तै मन्त्री मोदीले ८० प्रतिशत कर्मचारी भने सोर्सफोर्स लगाएर कमाउ अड्डामा जाने गरेको बताएका छन् । '८० प्रतिशतभन्दा बढी कर्मचारी राजनीतिक पहुँचको आधारमा कमाउ अड्डामा जाने गरेको विकृत बेथिति छ' मन्त्री मोदीले भने, 'सोर्सफोर्स लगाएर आर्थिक लाभ हुने कार्यालयमा सरुवा भइ जाने र आर्थिक अनियमिततासँग सम्बन्धित कार्यसम्पादनमा जोडिने परम्पराको अन्त्य गर्ने जिम्मेवारी हाम्रो काँधमा आएको छ।'

भुटानी शरणार्थी र ललिता निवास प्रकरणलाई उदाहरणको रुपमा प्रस्तुत गर्दै मन्त्री मोदीले भ्रष्टचारको सुरुवात कर्मचारी संयन्त्रबाट हुने र त्यसमा राजनीतिक संलग्नता देखिने गरेको समेत बताए। ठूला भ्रष्टचारका मुद्दाहरु हेर्दा कर्मचारी वृत्तबाट भ्रष्टचार नियन्त्रणको सुरुवात हुनुपर्ने र त्यसमा राजनीतिक नेतृत्वले साथ दिनुपर्ने समेत बताए। मन्त्री मोदीले आफूले सरुवा प्रणालीलाई व्यवस्थित बनाउन खोजेको समेत बताए । आफ्नो कार्यकालमा पूर्व अनुमानयोग्य सरुवा प्रणालीको विकास गर्ने योजना रहेको समेत सुनाए ।

अर्को प्रसंगमा मन्त्री मोदीले अधिकारको लडाईमा पूर्वदेखि पश्चिमसम्मका जनजातिहरु एकै मुठी भएर अगाडि बढ्नुपर्ने बताए । प्रधानमन्त्रीको तोकादेशमा मन्त्री मोदीले जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानको बैठकको अध्यक्षता गरेका हुन्। प्रतिष्ठानको अध्यक्ष प्रधानमन्त्री र सहअध्यक्ष संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री रहने व्यवस्था छ ।

बैठकले प्रतिष्ठानका अध्यक्ष एवं प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डकी श्रीमती सीता दाहालको निधनप्रति शोक प्रस्ताव समेत पारित गरेको छ ।

# मन्दिरलाई ६ लाख डलर सहयोगको प्रतिबद्धता

**काठमाडौं/मस**-टेक्ससको युलेस सिटीमा निर्माण भएको पशुपतिनाथ मन्दिर तथा बौद्ध स्तुपाको बाँकी चरणका कामहरु पुरा गर्नका लागि दाताहरुले ६ लाख डलरको प्रतिबद्धता गरेका छन् ।




शनिबार साँझ आयोजना गरिएको कार्यक्रममा ड्यालस फोर्टवर्थमा बस्ने र स्टेट बाहिरका नेपालीमुलका ५१ परिवारले उक्त रकमको प्रतिबद्धता गरेका हुन् ।

सबैभन्दा ठूलो रकम फोर्टवर्थका शैलेन्द्र मानन्धर र विकल ढकालको परिवारले एक एक लाख डलरको गरेका छन् । यस अघिनै ५० हजार डलर भन्दा बढी रकम मन्दिरलाई लिएर संरक्षक (प्याट्रोन) भैसकेका मानन्धर र ढकाल परिवारले सहयोग रकम थपेर एकलाख पुऱ्याउने घोषणा गरेका हुन् ।

एकलाख डलर सहयोग गर्नेलाई मन्दिरले 'वाल अफ अनर' ले सम्मान गर्ने चलन छ । यस अघिनै दुई वर्ष अघि कृष्णप्रसाद पन्तले एकलाख डलर सहयोगको घोषणा गरेका छन् । पन्तले ५० हजार डलर प्रदान गरिसकेका छन् । बाँकी थप ५० हजार दिने प्रकृयामा छन् ।

शनिबार एक एक लाख डलर सहयोग पुऱ्याउने घोषणा गरेका मानन्धर र ढकाल टेक्ससमा असाध्यै सफल व्यवसायीको परिचय बनाएका व्यक्तिहरु हुन्। मानन्धरको होलसेल व्यापार, ग्यास स्टेशनमा ठूलो लगानी छ भने ढकालको होटल, होलसेल व्यापार, ग्याँस स्टेशन, ग्रोसरी स्टोर र रेष्टुँरामा ठूलो लगानी छ। पछिल्लो समयमा ढकाल कन्स्ट्रक्सन व्यबसायमा पनि संलग्न छन् ।

युलेसको विशाल जग्गामा अहिले पशुपतिनाथ मन्दिर तथा बुद्ध स्तुपा निर्माणको पहिलो चरणको काम सम्पन्न भएको छ । पहिलो चरण अन्तरगत सामुदायिक भवन र मन्दिरको अस्थायी संरचना निर्माण भएको छ । दोस्रो चरणमा पशुपतिनाथकै आकार, प्रकारको मन्दिर र बौद्ध स्तुपाको निर्माण हुनेछन् । यो योजना निर्माणको चरणमा प्रवेश भएको छ ।

शनिबार सहयोग रकम थपेर चार परिवारले संरक्षक (प्याट्रोन) बन्ने प्रतिबद्धता जनाएका छन् । मन्दिर बोर्ड अफ ट्रष्टीका उपाध्यक्ष डा. प्रेम अधिकारी, मन्दिरको कार्यकारी समितिकी अध्यक्ष सीता सापकोटा, कबी मैनाली र भुवन आचार्यले सहयोग बढाएर कम्तिमा ५० हजार दिने घोषणा गरेका छन्।

शनिबार २८ परिवार नयाँ फाउण्डिङ मेम्बर थपिएका छन् । मन्दिरलाई तीनहजार ५ सय डलर सहयोग गर्नेलाई फाउण्डिंग मेम्बरले सम्मान गर्ने गरिएको छ। त्यस्तै तीन परिवारले अनररी बोर्ड अफ ट्रष्टी, १० जनाले ट्रष्टी, दुई परिवार अनररी फाउण्डिंग मेम्बर थपिएका छन् ।

शनिबारको कार्यक्रममा मन्दिरको विगत, वर्तमान र भविष्यका योजनाका बारेमा संस्थापक डा. मुरली अधिकारी, वर्तमान बोर्ड अफ ट्रष्टी उपाध्यक्ष डा. प्रेम अधिकारीले चर्चा गरेका थिए ।

अहिलेसम्म मन्दिरलाई ५० हजार भन्दा बढी सहयोग गरेर १५ परिवार प्याट्रोन, ७० परिवार अनररी ट्रष्टी, ५५ परिवार ट्रष्टी, ४ सय ५० परिवारले फाउण्डिंग मेम्बरशीप लिइसकेका छन् ।

उपाध्यक्ष डा. अधिकारीले ड्यालस फोर्टवर्थका हरेक नेपाली परिवारलाई मन्दिर निर्माणको योजनामा सहभागी हुँदै सहयोग गर्न र सदस्यता लिन आव्हान गरेका छन् ।

# लियो क्लब अफ लर्ड बुद्धको पद हस्तान्तरण

**रेशम अधिकारी/मध्यान्ह**
रुपन्देही, ३१ असार

लियो क्लब अफ लर्ड बुद्धले पद हस्तान्तरण तथा आठौं चार्टर नाइट सम्पन्न गरेको छ। क्लबका वर्ष २०२२/२३ का अध्यक्ष राहुल देव सापकोटाको अध्यक्षता, लायन्स क्लब अफ बुटवल खस्यौली पूर्व अध्यक्ष तथा क्लबका सल्लाहकार लायन विष्णु उपाध्यायको प्रमुख आथित्यतामा कार्यक्रम सम्पन्न भएको हो ।




कार्यक्रममा लियो वर्ष २०२२/२३ को कार्यसमितिले वर्ष २०२३/२४ को नयाँ कार्यसमितिलाई पदहस्तानतरण गरेको हो । लियो क्लब अफ देवदहका वर्ष २०२३/२४ का अध्यक्ष प्रदिप पाण्डेलाई क्लबका २२/२३ का अध्यक्ष राहुल देव सापकोटा साथै पूर्व अध्यक्षहरुले अध्यक्षको लकेट र पिन लगाइ दिएर अध्यक्षको पदभार ग्रहण गराएका थिए । साथै सचिव, कोषाध्यक्ष लगायत अन्य पदाधिकारीहरुले पनि पद हस्तान्तरण गरेका थिए । कार्यक्रम संस्थाका सचिव अनिस पोखेलले सञ्चालन गरेका थिए । आफ्नो पदभार ग्रहण गर्दै अध्यक्ष पाण्डेले आफ्नो कार्यकालमा क्लबलाई सामाजिक क्षेत्रमा थप उचाइमा पुऱ्याउने बताउँदै आफ्नो वार्षिक कार्ययोजना प्रस्तुत गरेका थिए ।

कार्यक्रममा बोल्दै लायन्स क्लब अफ बुटवल खस्यौली पूर्व अध्यक्ष तथा क्लबका सल्लाहकार लायन विष्णु उपाध्यायले समाज रुपान्तरणमा लियो क्लबको भूमिका महत्वपूर्ण रहेको बताए । उनले क्लबलाई सामाजिक र मानवीय सेवाका क्षेत्रमा नमूना र सिर्जनशील कामहरु गरेर सबैका लागि उदाहरणीय बन्न सुझाव समेत दिएका थिए ।

त्यस्तै कार्यक्रममा लायन्स क्लब अफ बुटवल खस्यौलीका अध्यक्ष लायन मनोज पन्थ, लियो क्लब अफ देवदह तथा लायन्स क्लब अफ देवदह प्रोफेसनल युथका संस्थापक अध्यक्ष लियो लायन दिपेश मल्ल, लायन्स क्लब अफ देवदह प्रोफेसनल युथका वर्ष २३/२४ का अध्यक्ष लायन कमल पौडेल लगायतले बोल्दै नयाँ कार्यसमितिलाई कार्य सफलताको शुभकामना दिएका थिए ।

कार्यक्रममा लियो क्लब अफ देवदहका पूर्व अध्यक्ष गोपाल पाण्डे, कमल ज्ञवाली, सन्दिप तिवारी, लायन्स क्लब अफ देवदह प्रोफेसनल युथका पुर्व अध्यक्ष बिमल भुषाल लगायतको उपस्थिति रहेको थियो । कार्यक्रम पहिलो चरण वर्ष २२/२३ का सचिव अनिश पोखरेल र दोश्रो चरण वर्ष २३/२४ को सचिव रुबिना वि.कले सञ्चालन गरेकी थिइन् ।


**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७५/०३/२५ मा दर्ता भएको **प्रा.लि. नं. १९३०१०** को **हिमालयन म:म एण्ड बेकरी क्याफे प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०७६/०३/०५ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ (क) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**JAPAN र KOREA मा काम गर्न जान लाग्नुभएको छ ?**

**यहाँ JAPAN र KOREA मा काम गर्न जाने नेपाली श्रमिकहरुका लागि विशेष दुईदिने ओरियन्टेशन क्लासका साथै मेडिकल जाँच पनि गरिन्छ ।**

Kathmandu Orientation (P) Ltd.
Nippon Medical Center (P) Ltd.
नयाँ बसपार्क, माछापोखरी चोक, काठमाडौं
**सम्पर्क:** 01-4958923 / 01-4952044
**मो:** 9741818340 ( WhatsApp/Viber )

## बेथानचोक गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
ढुंखर्क, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**सूचना प्रकाशित मिति: २०८०/०४/०१**

बेथानचोक गाउँपालिकाको मिति २०८०/०२/२९ गतेको नेपाल समाचारपत्र राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित आन्तरिक आय संकलन सम्बन्धी शिलबन्दी बोलपत्र आव्हानको सूचना अनुसार मिति २०८०/०३/२७ गते सम्म Electronic Bid Submittion मार्फत मिति २०८०/०३/२७ गते दिनको १२:०० बजे भित्र Electronic Bid Submittion मार्फत दर्ता भएका शिलबन्दी बोलपत्र फारामलाई सोही दिनको २:०० बजे पछि खोलिएकोमा तपशिल बमोजिमको बोलपत्र अधिकतम रुपमा मूल्यांकित भई सारभूत रुपमा समेत प्रभावग्राही देखिएकोले सम्झौता गर्न मूल्यांकन समितिबाट सिफारिस भई आएकोले सम्पूर्ण शिलबन्दी बोलपत्रदाताहरुमा जानकारीको लागी यो सूचना प्रकाशन गरिएको छ ।

| सि. नं. | ठेक्का नं./ कामको विवरण | बोलपत्रदाताको नाम | कबोल.अंक.रु. (मू.अ.कर बाहेक) | स्वीकृत/ अस्वीकृत | कैफियत |
|---|---|---|---|---|---|
| १. | BRM/IR/01/2080/081, बेथानचोक गाउँपालिका क्षेत्र भित्रका खानी उत्खनन तथा उत्पादन हुने (ढुंगा, रोडा, गिट्टि, ग्राभेल, बेस, माटो, चिप्स, डस्ट आदि) को बिक्रि तथा श्रोत उपयोग शुल्क | विक्रम खाद्य स्टोर, साँगा काभ्रे | १२,४०,००,०००।०० | स्वीकृत | बोलपत्र |

**प्रमुख प्रशासकिय अधिकृत**

**NO OBJECTION LETTER**
**हराएको सूचना**

मिति २०८०/०२/२५ गते बालाजुबाट बागबजारजाने क्रममा मेरो **७७७७६२०११** रजिष्ट्रेसन नम्बर र **२७७०७११०** को सिम्बल नम्बर Ganesh Man Singh Multiple Campus, Swoyambhu, Kathmandu को नाममा रेहेको (Grade XI & XII) तहको No Objection Letter हराएको हुँदा पाउनुहुने महानुभावहरुले निम्न सम्पर्क नम्बर वा नजिकको प्रहरी कार्यालयमा बुझाईदिनु हुन अनुरोध छ।

**नाम:** Anjana Rai
**सम्पर्क नं.:** ०१-५२३४१५९

## साउदीमा रोजगार
**ARADA COMPANY FOR INDUSTRY, RIYADH, SAUDI ARABIA**
पुर्व स्विकृति मिति: २०८०।०३।२६ चलानी नं. ६०२०४६२५ LT No. 288072

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | कामदारको न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब N. Rs. | ओभर टाईम सूबिधा | प्रतिदिन कामगर्ने घण्टा | हप्तामा कामगर्ने दिन | बार्षिक बिदा | खाना सूबिधा | बस्ने सूबिधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Car Mechanic | 01 | काममा दक्ष | 1500 | 52499 | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | छ | २ वर्ष |

| स्वदेशमा गरिने प्रि मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने विमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा विमा हुने/नहुने र कसले व्यहोर्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टयाम्पिङ शुल्क कसले व्यहोर्ने | कल्याणकारी कोष सम्वन्धि व्यवस्था |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफै | दिने | कामदार आफै | हुने/रोजगारदाता कम्पनीले | नि:शुल्क | रोजगारदाता कम्पनीले | रु. ७००/- कामदार आफैंले | कामदार आफैंले | रु.१५०० कामदार आफैंले |

**अन्तरवार्ता: मेनपावर कार्यालय, काठमाडौंमा: २०८० साउन ८ गते (24 July 2023) हुनेछ।** लागत खर्च: १०,०००

वैदेशिक रोजगार विभागवाट गराइएको जानकारी: १. आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनुहोला। बुझाएको रकमको भर्पाई अनिवार्य रुपमा लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्वरहरु साथमा राख्नुहोस्। आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखिकरण तालिम वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला। सो को १ प्रति आफुसँग राख्नुहोला। ६. काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्वन्धमा थप केही वुझ्नुपरे वैदेशिक रोजगार विभाग काठमाडौंमा सम्पर्क गर्नुहोला।

**Swastik Overseas Services Pvt. Ltd.**
Basundhara-3, Kathmandu, Nepal, Lic No.: 505/061/62 Ph: 4987984, 4987986

## UAE मा रोजगार
कम्पनी: ZLAB MIDWEST FZC
शहर: ABU DHABI
पूर्व स्वीकृत मिति: २०८०/०३/३१ चलानी नं.: ६०२०४७७० LT. No.: 289456

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Warehouse Assistant | 50 | 0 | स. काममा दक्ष | 1050 | ३७,४९६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Factory Workers | 0 | 70 | | 1050 | ३७,४९६ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० साउन ८ र ९ गते (24 & 25 July 2023) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**Al Shahid Overseas Pvt. Ltd.**
Gov. Lic. No 1329/074/75
Banshidhar Marg-04,Chandol, Kathmandu, Nepal, Tel: 4414440, 4443434
E-mail: alshahidnepal@gmail.com, info@alshahidnepal.com, resumeshahid@gmail.com

## MALAYSIA मा रोजगार
कम्पनी: NUTRIVO DAIRY INDUSTRY (M) SDN.BHD.
शहर: Malaysia, Melaka
पूर्व स्वीकृत मिति: २०८०/०३/३१ चलानी नं.: ६०२०४७६९ LT. No.: 289460

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory worker | 10 | 0 | स. काममा दक्ष | 1500 | ४३,४७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० साउन ८ गते (24 July 2023) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझ्ा विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला

**SHARON MANPOWER SERVICES PVT. LTD.**
Govt Lic. NO. 647/063/064
P.O. Box : 10443, Maharajgunj-04, Kathmandu, Kapan Marg
Phone : 01-4370530, 01-4370922, 01-4370457
Mobile: 974-6491713/ URL: www.sharonmanpower.com
Email: sharonhrsolution@gmail.com, Info@sharonmanpower.com

GET YOUR eVISA FOR MALAYSIA
Authorized by Government of Malaysia for Visa Processing
Hello Travels Pvt. Ltd.
Say Hello ! to your Destination
Metro Park Building, Third Floor, Uttar Dhoka
Lazimpat-2, Kathmandu, Nepal
+977-1-4419871
+977-9808819329 / 9818827005/ 9746459621
nepal.osc@gmail.com
थप जानकारीको लागि
QR SCAN गर्नुहोस्
You are one SCAN away from getting your VISA!
TRAVEL THE WORLD
Best Airfare and Wide Variety of Choices
Harvest Moon Travel and Tours (P.) Ltd.
Harvest Moon Building, Gairidhara,
Naxal, Kathmandu, Nepal
+977-1-4415574 / 4415526 / 4415517 / 4415442
harvestmoon@mos.co.np
www.harvestmoongroup.com

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com
१ साउन २०८०, सोमबार
17 July 2023, Monday

## सम्पादकीय

## अर्को अस्थिरता ?

**सत्तारूढ प्रमुख दल नेपाली कांग्रेसका महामन्त्री गगन थापाले संसदीय दलको नेता परिवर्तनलाई पार्टीभित्र एजेण्डा बनाउने तयारी गरेका छन् । केही समय यता थापाले संसदीय दलको नेता परिवर्तन गर्न निरन्तर लाग्ने बताइरहेका छन् । पार्टी सभापति शेरबहादुर देउवाकै नेतृत्वमा कांग्रेस परिवर्तन संभव नरहेको उनको निष्कर्ष छ । २ साउनदेखि केन्द्रीय कार्य समिति बैठक बस्दै गरेकाले पनि महामन्त्री थापाले दिइरहेको सार्वजनिक अभिव्यक्तिको महत्व छ । किनभिन गत ५ पुसमा सम्पन्न संसदीय दलको चुनावमा पनि थापाले नै देउवासँग दलको नेता बन्न प्रतिस्पर्धा गरेका थिए । तर संस्थापन इतर समूहको नेतृत्व गर्दै उम्मेद्वार बनेका थापाले २५ मत मात्रै पाए । ६४ मत पाएर देउवा दलको नेता चुनिए ।**

**त्यो चुनावबाट देउवा दलको नेता चुनिएकाले प्रधानमन्त्री बन्ने दौडमा उनी नै छन् । यदि यही कार्यकालमा कांग्रेसले सरकारको नेतृत्व गर्ने अवसर पाउँदा सभापति देउवा छैटौं पटक प्रधानमन्त्री हुनेछन् । २०५२ सालदेखि गत १० पुससम्म गरी देउवा पाँचौपटक प्रधानमन्त्री भइसकेका छन् । अहिले नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड प्रधानमन्त्री भएपनि यही गठबन्धनबाट कांग्रेसले आलोपालो सरकारको नेतृत्व गर्ने सहमति छ । त्यो सहमति कार्यान्वयन हुँदा कांग्रेस सभापति देउवा २०८४ सालको चुनावी सरकारको प्रधानमन्त्री हुनेछन् । तर त्यस अगाडि नै देउवालाई हटाउनुपर्ने सार्वजनिक अभिव्यक्ति महामन्त्री थापाले दिइरहेका छन् । उनलाई अर्का महामन्त्री विश्वप्रकाश शर्मा, केन्द्रीय सदस्य प्रदीप पौडेल लगायतको समर्थन छ ।**

**महामन्त्री थापाको यस्तो अभिव्यक्ति र तयारीले अहिलेकै गठबन्धन पाँच वर्ष चल्छ भन्ने पनि हो । अथवा महामन्त्री थापा जसरी हुन्छ प्रधानमन्त्री बन्ने बाटोमा देखिन चाहन्छन् । संसदीय दलको चुनावमा प्रतिस्पर्धा गरिसकेकाले थापाको यस्तो चाहना अस्वभाविक होइन । अर्कातिर संसदीय दलभित्र बहुमत ल्याएर कुनै नेताले दलको नेता हुँदै प्रधानमन्त्री बन्नु लोकतान्त्रिक अभ्यास र संसदीय प्रणालीकै कुरा हो । तर त्यसले ल्याउने परिणाम यतिमा सीमित हुने देखिदैन । नजीरकै रूपमा अगाडि बढ्दा मुलुकको प्रधानमन्त्री जस्तै संसदीय दलको नेता फेर्नलाई दलभित्र सदैव अभ्यास भइरहनेछ । अर्थात् मुलुकमा अस्थीरताको कारण समेत बन्न सक्छ । त्यसतर्फ ध्यान दिएर आवश्यक कदम चाल्न आवश्यक छ । कांग्रेस मुलुकको सवैभन्दा पुरानो र लोकतान्त्रिक शक्ति भएकाले अझ बढी ध्यान दिन आवश्यक छ ।**

# समृद्धिको सपना र शासकीय संरचना

*आन्तरिक अर्थतन्त्रको सुधार त्यतिबेला सम्भव छ जतिबेला नेपालीको आय बढ्नुको साथै ऋय शक्ति पनि बढ्दछ । आर्थिक गतिविधि बढाइ औधोगिक विकास गर्नेतर्फ भन्दा आन्तरिक सत्ता टिकाउन र सस्तो लोकप्रियता हासिल गर्नकै निम्ति राज्य शक्ति लाग्नु दुखद पक्ष हो ।*

अग्रलेख



● डा. दिबाकर वशिष्ठ

आर्थिक विकास भनेको त्यो प्रक्रिया हो जसद्वारा एउटा देशको वास्तविक प्रतिव्यक्ति आय लामो समय अवधिसम्म वृद्धि हुन्छ । आर्थिक वृद्धिको साथै कुनै पनि मुलुकको जनताको समग्र जीवन स्तरमा आएको सकारात्मक परिवर्तन हो । यो अर्थ व्यवस्थाको गुणात्मक वृद्धि हो । नागरिक हरुले आर्थिक लाभ लिन सक्ने र जीवनस्तर उकास्ने अवस्था नै आर्थिक विकास हो । देशको कुल गार्हस्थ उत्पादनमा वृद्धि, प्रति व्यक्ति आयमा हुने, बढोत्तरी, उत्पादन, उपभोगलगायत समष्टिगत अर्थतन्त्रको परिसूचकमा हुने परिमाणात्मक परिवर्तनलाई आर्थिक वृद्धि वा विकास भन्ने गरिन्छ । आयमा वृद्धि, रोजगारी तथा क्रयशक्तिको वृद्धिलाई पनि आर्थिक विकासको सूचकको रूपमा लिन सकिन्छ । शासकीय सुधार भनेको राज्य सत्ताको बागडोर हातमा लिने र शासन व्यवस्था सञ्चालन गर्ने शासकहरुको आचरण, नैतिकता, जवाफदेहिता र उत्तरदायित्व एवम् उनीहरुले बनाएको नीति नियम चुस्त र दुरुस्त एवम् जनप्रिय हुन आवश्यक छ । तर मुलुकको आर्थिक विकासको लागि शासकीय सुधारको खाँचो देखिन्छ । जसको लागि स्थिरता तथा दण्डहिनताको अन्त्य, कर्मचारीतन्त्र जनमुखी हुनुपर्ने, जवाफदेहीता, स्वतन्त्र न्यायपालिका, कुशलता, प्रभावकारिता, पारदर्शिता, भ्रष्टाचार नियन्त्रणको क्षेत्रमा सुधार आवश्यक छ । यी कुराहरुमा सुधारको अभावले यसको सोझो असर सर्वसाधारण तथा सेवाग्राहीमा समेत परिरहेको छ भने अर्कोतर्फ, संघ संस्थाको साथै कर्मचारी एवम् श्रमिक वर्गको कार्य क्षमता र उत्पादकत्वमा अपेक्षित सुधार देखिँदैन । जसबाट आर्थिक विकास ओझेलमा पर्ने गरेको छ ।



हालका दिनहरुमा आर्थिक विकासको मुख्य बाधकको रूपमा सुशासन र शासकीय सुधार नै रहेको छ । वित्तीय अनुशासन पनि सुशासन कै एक पाटो हो । शासकीय सुधारको अभावले भ्रष्टाचार, वित्तीय स्रोत र साधनको चरम दुरूपयोग, अतिआवश्यक वस्तु ग्यास, इन्धन र खाद्यान्नलगायतका वस्तु तथा सेवामा कृत्रिम अभाव, र चरम मूल्यवृद्धि एवम् सार्वजनिक सेवा मालपोत, नापी, यातयात, पासपोर्टलगायतका प्रशासनिक कार्य र यसले दिने सेवा चुस्त, दुरुस्त कहिले हुने होला भन्ने चिन्ता जनसाधारणमा देखिन्छ । आर्थिक विकासको अनुभुति तब गर्न सकिन्छ जब आधारभूत आवश्यकताका वस्तु तथा सेवा सहज मूल्यमा सर्वसाधारणलाई उपलब्ध हुन्छ । अति आवश्यक सर्वसाधारणको आधारभूत उपभोग्य वस्तुमध्ये करिब ६० प्रतिशतभन्दा बढी आयातमै निर्भर भएको हाम्रो जस्तो देशमा आन्तरिक उत्पादन र विकास खर्चमा बढोत्तरी नभएको अवस्थामा एकतर्फीरूपमा विदेशी मुद्रा सञ्चित अपुग भयो भनेर आयात नै बन्द गर्ने वा यसलाई निरुत्साहित गर्ने र विदेशी मुद्राको सञ्चिती बढी भयो भनेर आयातलाई बढाउने नीति लिनुलाई सान्र्दभिक देखिँदैन ।

आर्थिक विकासको लागि आन्तरिक उत्पादन बढाउनु पर्ने, कृषि क्षेत्रलाई उच्च प्राथमिकतामा राख्नुपर्ने, विकास खर्च बढाउनु पर्ने, पर्यटन तथा जलस्रोतको विकासमा बढी ध्यान दिनुपर्ने र यसको सफलताको लागि शासकीय सुधारलाई थप पेचिलो बनाउनु पर्नेमा विगतदेखि हालसम्मको सरकार बेलैमा चनाखा नभई कहिले आयात निरुत्साहित गरी जनतालाई अत्यावश्यक कुराको मारमा पार्ने, कहिले आयातलाई खुकुलो बनाउँदै स्वदेशी वस्तुको खपतमा कमी ल्याउने वातावरण बनाउने स्थितिमा गइरह्यो । बजार र उचित मूल्यसमेत नपाउने नीतिगत व्यवस्थाले आर्थिक विकास थप पछि धकेलिने अवस्थामा पुगेको स्पष्ट छ ।

शासकहरुको कार्यशैलीमा परिवर्तन हुनु, नियमकानुन जनपक्षीय हुनु, मुस्कानसहित सेवा दिनु, समय सापेक्षरूपमा कार्यालय संरचनामा र नीति नियममा परिवर्तन हुनु शासकीय सुधारका महत्वपुर्ण पक्षहरु हुन् । यो नै कमजोर भयो भने आर्थिक संकट आउँदछ र आर्थिक संकटले राजनीतिक अस्थिरतासमेत ल्याउँछ भन्ने स्पष्ट छ । विप्रेषण र पर्यटनको विकासले अर्थतन्त्रमा सघाउने भएता पनि अन्य क्षेत्रको समेत सन्तुलित विकास गर्नु जरुरी छ । स्वास्थ्य सेवा, खाद्य सामग्रीलगायत जनतामा आधारभूत आवश्यकतामा मूल्यवृद्धि नरोकिएसम्म आन्तरिक अर्थतन्त्र सबल हुँदैन । यसको लागि सुशासनलाई नै थप कडाई गर्नुपर्ने देखिन्छ । समयमा नै सुशासनको पालनासहित शासकीय सुधार समय सापेक्षरूपमा गर्न सकिएन भने बाह्य र आन्तरिक ऋणको चापले मुलुक थला पर्नसक्छ, त्यति बेला मानिसको जीवनयापन खर्च घटाउने र आय बढाउन सकिँदैन । परिणामस्वरूप आन्तरिक अर्थतन्त्र सबल हुँदैन । स्मरणरहोस् श्रीलंकामा मुद्रास्फिति अझै एकल अंकमा झर्न सकेको छैन, करिब ११ प्रतिशतको हाराहारीमा देखिन्छ । तसर्थ, आर्थिक संकट आउनुमा कोभिड १९ र अन्तराष्ट्रिय आर्थिक मन्दी मात्र होइन देशमा सुशासन कमजोर भयो र भ्रष्टाचार मौलायो भने देशको आर्थिक अवस्था बर्बादीतिर पुग्छ । अर्कोतर्फ, आर्थिक संकट आउनुमा राजनेताको उच्च महत्वकांक्षा र राजशाहीको रूपमा बढ्दो तडकभडक र आफ्नालाई पोस्ने र राज्यको ढुकुटी परिवार र आफन्तका हितमा प्रयोग गर्ने प्रचलन, मोटो रकम लिएर राजनैतिक नियुक्ति गर्ने प्रवृति पछिल्ला दिनहरुमा थप मौलाएको देखिन्छ ।

*आर्थिक विकासको लागि आन्तरिक उत्पादन बढाउनुपर्ने, कृषि क्षेत्रलाई उच्च प्राथमिकतामा राख्नुपर्ने, विकास खर्च बढाउनु पर्ने, पर्यटन तथा जलस्रोतको विकासमा बढी ध्यान दिनुपर्ने र यसको सफलताको लागि शासकीय सुधारलाई थप प्रभावकारी बनाउनु पर्नेमा विगतदेखि हालसम्मको सरकार बेलैमा चनाखो नभइ कहिले आयात निरुत्साहित गरी जनतालाई अत्यावश्यक कुराको मारमा पार्ने, कहिले आयातलाई खुकुलो बनाउँदै स्वदेशी वस्तुको खपतमा कमी ल्याउने वातावरण बनाउने स्थितिमा गइरह्यो ।*

नेपालको हालको अर्थतन्त्रलाई नजिकबाट हेर्दा, रेमिटान्स बढेको र आयात घटेको कारण सोधनान्तर स्थिति दुई खर्ब २८ अर्ब ९८ करोड बचतमा रहेको देखिन्छ । अर्थतन्त्रका बाह्य सूचक सकारात्मक रहेता पनि आन्तरिक अर्थतन्त्र सिथिल रहनुलाई सुखद मानिदैन । बैंकमा लगानीयोग्य रकम थुप्रिएर करिब चार खर्ब नाघिसकेको र कर्जा लगानीको मागमा सिथिलता आउनुले बैंकिङ्ग संकटलाई निम्ताउने देखिन्छ भने अर्कोतर्फ उधोगधन्दा र वाणिज्य क्षेत्रको विकासमा ह्रास आई कुल ग्राहस्थ उत्पादनमा कमी आउने हुँदा आर्थिक संकट थप बढ्ने देखिन्छ । आयात पनि कमजोर हुनु र निर्यात पनि हुन नसक्नुले बेरोजगारी दर बढिरहेको छ भने राजस्व संकलनमा समेत यसको असर गरिरहेको छ । दैनिक हजारौं मानिस रोजगारीको लागि विदेश गएको र बिप्रेषण बढी रहेकोलाई आर्थिक सुधार मान्ने हो भने यो गलत सोचाई मात्र हुनेछ । आन्तरिक अर्थतन्त्रको सुधार त्यतिबेला सम्भव छ जतिबेला नेपालीको आय बढ्नुको साथै क्रय शक्ति पनि बढ्दछ । आर्थिक गतिविधि बढाई औधोगिक विकास गर्नेतर्फ भन्दा आन्तरिक सत्ता टिकाउन र सस्तो लोकप्रियता हासिल गर्नमै राज्य शक्ति लाग्नु दु:खद पक्ष हो । आर्थिक संकट आउनुको मुख्य कारण वार्षिक बजेटको सही सदुपयोग हुन नसक्नु पनि हो । अझै पनि असारे विकासमा बजेट खर्च भइरहने परिस्थिति बदलिएको छैन ।

